जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

ठिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २८ • अंक १६३ • २०८३ साल कार्तिक २० गते शुक्रबार (6 November, Friday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

क्रिकेट हेर्दै सत्ता सहकार्यको संकेत

मधेश प्रदेशमा कांग्रेस नेतृत्वकै सरकारले निरन्तरता पाउने

टुडे समाचारदाता

जनकपुरधाम । नेकपा एमालेले समर्थन फिर्ता लिएपछि संकटमा परेको मधेश प्रदेश सरकार अन्ततः निरन्तरता पाउने अवस्थामा पुगेको छ । केही समय अघि सरकार परिवर्तनको चर्चासँगै राजनीतिक अन्योलमा परेको मधेश प्रदेशको सत्ता समीकरणमा नाटकीय फेरबदल आएको छ । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'को सक्रियता, कांग्रेस सभापति गगनकुमार थापा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच भएको भेटवार्ता तथा तीन दलबीच विकसित नयाँ राजनीतिक समझदारीले वर्तमान सरकारलाई निरन्तरता दिने वातावरण बनेको छ ।

नेकपा एमालेले गत असोज ३० गते मधेश प्रदेश सरकारबाट बाहिरिँदै मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि प्रदेशको राजनीति तरंगित बनेको थियो । एमालेले तीनदलीय सत्ता गठबन्धनबीच यसअघि भएको १५ बुँदे सहमति कार्यान्वयन नभएको भन्दै समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको थियो । त्यससँगै मधेश प्रदेशमा नयाँ सरकार गठन हुने वा वर्तमान सरकारकै निरन्तरता हुने भन्ने विषयमा राजनीतिक वृत्तमा विभिन्न अड् कलबाजी शुरु भएको थियो ।

एमालेको समर्थन फिर्तापछि प्रदेशमा सत्ता समीकरण फेरबदलका लागि विभिन्न तहमा छलफल र राजनीतिक गतिविधि तीव्र बनेका थिए । सरकारको भविष्य अन्योलमा रहेका बेला नेकपाका संयोजक प्रचण्डले मधेश प्रदेशको राजनीतिक अवस्थालाई प्राथमिकतामा राख्दै सक्रियता बढाएका थिए।



उनको सक्रियतासँगै प्रदेशमा नयाँ राजनीतिक सहकार्यको सम्भावना बलियो बन्दै गयो ।

यसैक्रममा राष्ट्रिय राजनीतिक तहमा पनि कांग्रेस र एमालेका शीर्ष नेतृत्वबीच संवाद अघि बढ्यो । कांग्रेस सभापति गगनकुमार थापा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच भएको भेटवार्ताले मधेश प्रदेशको राजनीतिक निकासका लागि थप आधार तयार गरेको देखिन्छ । केन्द्रमा विकसित राजनीतिक समझदारीको प्रभाव प्रदेशको सत्ता समीकरणमा समेत परेको छ। फलस्वरूप एमाले, कांग्रेस र नेकपाबीच पुनः सहकार्यको वातावरण बनेको छ ।

यसको पछिल्लो संकेत तीनवटै दलका मधेश प्रदेश संसदीय दलका नेताहरू एकै ठाउँमा देखिनुले पनि दिएको छ । काठमाण्डुको किर्तिपुरमा भएको नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत जनकपुर बोल्ट्स र लुम्बिनी लायन्सबीचको खेल अवलोकनका क्रममा तीन दलका शीर्ष प्रदेश नेताहरू एउटै मञ्चमा उपस्थित भएका छन् ।

सो क्रिकेट खेल अवलोकनमा नेपाली कांग्रेस मधेश प्रदेश संसदीय दलका नेता एवं मुख्यमन्त्री कृष्णप्रसाद यादव, नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री सरोजकुमार यादव र नेपाली कम्युनिस्ट पार्टीका मधेश प्रदेश संसदीय दलका नेता एवं अर्थमन्त्री युवराज भट्टराई सहभागी थिए।

जनकपुर बोल्ट्सको समर्थनमा एकै ठाउँमा बसेका तीन नेताको उपस्थितिलाई सामान्य खेल अवलोकनका रूपमा मात्रै हेरिएको छैन । यसलाई मधेश प्रदेशमा तीन दलबीच राजनीतिक दूरी घटेको र वर्तमान सरकारलाई निरन्तरता दिने सहमति विकसित भएको संकेतका रूपमा हेरिएको छ ।

एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादव नेतृत्वको सरकारको संवैधानिक र राजनीतिक भविष्यबारे प्रश्न उठेको थियो । संवैधानिक व्यवस्थाअनुसार समर्थन फिर्ता लिएको अवस्थामा मुख्यमन्त्रीले ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने हुन्छ । तर, मुख्यमन्त्री यादवले अहिलेसम्म विश्वासको मत लिने प्रक्रिया अघि बढाएका छैनन् । राजनीतिक सहमति जुटेपछि भने उनले प्रदेशसभामा विश्वासको मत लिने तयारी गरेको बताइएको छ ।


स्रोतले जनाए अनुसार काठमाण्डु भ्रमणबाट फर्किए लगत्तै मुख्यमन्त्री यादवले विश्वासको मत लिने प्रक्रिया अघि बढाउने तयारी गरेका छन् । यससँगै सरकारमा एमालेको पुनः सहभागिताको बाटोसमेत खुल्ने देखिएको छ । एमालेले यसअघि सरकारमा प्रतिनिधित्व गरेका नेताहरूको सट्टा नयाँ अनुहारलाई मन्त्रीका रूपमा पठाउने तयारी गरेको चर्चा छ ।

एमालेको समर्थन फिर्तापछि शुरु भएको मधेश प्रदेशको राजनीतिक संकट प्रचण्डको सक्रियता र केन्द्रका शीर्ष नेताबीचको संवादपछि नयाँ मोडमा पुगेको छ । कांग्रेस नेतृत्वकै सरकारलाई निरन्तरता दिने र तीन दलबीच पुनः सहकार्य गर्ने दिशामा राजनीतिक घटनाक्रम अघि बढेको देखिन्छ ।

तीन दलका नेताहरू राजनीतिक रूपमा एउटै ठाउँमा उभिने संकेत दिइरहँदा उनीहरूको समर्थन पाएको जनकपुर बोल्ट्स भने लुम्बिनी लायन्ससँगको खेलमा नराम्ररी पराजित भएको छ। क्रिकेट मैदानमा जनकपुरले हार बेहोरे पनि त्यही मैदानमा देखिएको राजनीतिक एकताले भने मधेश प्रदेशको सत्ता राजनीतिमा नयाँ सम्भावनाको संकेत गरेको छ ।







अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

प्रहरीमा किचलो

सरकारले नेपाल प्रहरीको प्रमुख प्रहरी महानिर्देशक (आईजीपी) दानबहादुर कार्कीलाई बर्खास्त गरि प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारमा नियुक्त गरेको छ । सुरक्षा सल्लाहकार र आइजीपीको रैंक समान छ । तर शक्ति आइजीपीमा नै छ । नेपालको प्रमुख सुरक्षा निकाय नेपाल प्रहरीको संगठन नै हो । प्रहरी संगठनको चेन अफ कमाण्डमा सरकारले हस्तक्षेप गरेसँगै संगठन मै हलचल हुन्छ । तीन दशक पूर्व नेपालमा तत्कालीन एमालेका नेता वामदेव गौतम गृहमन्त्री थिए । नेपाल प्रहरीको प्रमुख अच्यूत कृष्ण खरेल आइजीपी थिए । देशमा स्थानीय तहको चुनाव थियो । गौतमले आइजीपी खरेललाई सुरक्षा सल्लाहकार बनाएर तत्कालीन एआइजी (अतिरिक्त प्रहरी महानिरीक्षक) ध्रुव प्रधानलाई आइजीपी बनाएका थिए । गृहमन्त्री गौतमको त्यो निर्णयले प्रहरी संगठनमा निकै हलचल भएको थियो । तर गौतमको निर्देशनमा आइजीपी प्रधानले स्थानीय तहको नतिजालाई एमालेको पक्षमा पार्न सिंगो प्रहरी संगठनलाई परिचालन गरेका थिए । त्यस समयमा एमालेले अधिकांश गाउँ विकास समिति र नगरपालिकाको चुनाव जितेको थियो । बालकृष्ण खाँड गृहमन्त्री रहेको बेला नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाको निर्देशनमा वरियता मिचेर जयबहादुर चन्दलाई आइजीपी बनाएका थिए । तर सर्वोच्च अदालतले चन्दको नियुक्ति बदर गरी वरियता अनुसारकै आइजीपी नियुक्त गर्न स्पष्ट व्याख्या गर्दै सरकारलाई निर्देशन दिएको थियो । त्यो नजिरको आधारमा कार्कीलाई हटाउन सरकारले गरेको निर्णय बदर हुन सक्ने कानुन व्यवसायीहरुको तर्क छ । तर त्यो अदालतको विषय हो । कार्की अदालत पुगे त्यसपछि मात्र कुनै निर्णय आउनेछ । लामो समयपछि झण्डै दुई तिहाइ बहुमतसहित नेपालमा एउटा दलको सरकार चलिरहेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साह (बालेन)देशको प्रधानमन्त्री छन् । उनले देशमा सुशासन स्थापना गर्ने धेरैको विश्वास थियो । खासगरी तराई मधेशमा उनको लहर नै चलेको थियो । ७८ प्रत्यक्ष संसदीय सिट मध्ये रास्वपाले ७२ सिट बालेको नाममा जितेको थियो । तर सरकार गठन भएदेखिको आठ महिनामा सरकारले गरेका कयौं निर्णयहरु अत्यन्त बिबादित बनेको छ । सरकारको निर्णय विरुद्ध कयौं संघसंस्थाहरुले आन्दोलन गर्नु परेको छ । सरकारले शासन प्रणालीलाई विकेन्द्रिकरण नभइ केन्द्रिकरण गरेको छ । सरकारले दोषीलाई कानुनी दायरामा ल्याएर कारबाही गर्नुपर्छ । मर्यादाक्रम अनुसार हुने कार्यहरुमा सरकारले हस्तक्षेप गर्दा त्यसको परिणाम सकारात्मक आउन सक्दैन । सरकारले सर्वोच्च अदालतमा मर्यादाक्रम मिचेर बनाएको प्रधानन्यायाधिश गम्भीर विवादमा तानिएका छन् । अन्य निकायहरुको अवस्था पनि उस्तै छ । सत्तारुढ दलका कयौं सांसद र केही मन्त्रीहरु पनि गम्भीर प्रकृतिको विवादमा छन् । तर उनीहरुमाथि सरकारले कुनै कारबाही गरिरहेको छैन । त्यसले सरकारको लोकप्रियताको ग्राफलाई तल झार्न थालेको छ । आइजीपी प्रकरणले पनि सरकारलाई विवादमा ल्याएको छ ।

पढ्दै कमाउँदै: विदेश जाने युवालाई रोक्ने होइन, नेपालमै अवसर सिर्जना गर्ने समय



भरत सहनी

नेपालमा माध्यमिक शिक्षा परीक्षा (एसईई) दिएपछि विद्यार्थीले कुन विषय पढ्ने, कहाँ पढ्ने र भविष्यमा के गर्ने भन्ने निर्णय गर्नुपर्ने हुन्छ । यो निर्णय केवल शैक्षिक योग्यताको छनोट होइन, धेरै परिवारका लागि आर्थिक भविष्यसँग जोडिएको विषय पनि हो । उच्च शिक्षा हासिल गर्ने चाहना, परिवारको आर्थिक अवस्था सुधार्ने आकाङ्क्षा र भविष्यमा राम्रो रोजगारी पाउने अपेक्षाले युवालाई विभिन्न विकल्प खोज्न प्रेरित गर्छ । तर नेपालभित्रै पढाइसँगै आम्दानी गर्ने, व्यावहारिक सीप सिक्ने र भविष्यको रोजगारीका लागि तयार हुने अवसर पर्याप्त रूपमा उपलब्ध नभएको अनुभूति हुँदा विदेश अध्ययन वा रोजगारीप्रतिको आकर्षण बढ्न गएको छ ।

विद्यार्थी विदेश जानुलाई समस्याका रूपमा मात्र हेर्नु उचित हुँदैन । विदेशमा अध्ययन र सीप हासिल गर्नु अवसर पनि हो । मूल प्रश्न भनेको "नेपाली युवाले आफ्नो रुचि, क्षमता र आर्थिक अवस्थाअनुसार नेपालमै गुणस्तरीय शिक्षा, व्यावहारिक सीप, आम्दानीको अवसर र सम्मानजनक वृत्ति रोज्न पाउने वातावरण कति निर्माण गरेका छौं" भन्ने हो । त्यसैले अबको बहस युवालाई विदेश जानबाट रोक्नेभन्दा पनि नेपालमै पढ्दै कमाउँदै अघि बढ्न सक्ने विश्वसनीय प्रणाली विकास गर्न केन्द्रित हुनुपर्छ ।

एसईईपछि विद्यार्थीको रोजाइ र नेपालको चुनौती

एसईई माध्यमिक शिक्षाको एउटा महत्त्वपूर्ण चरण हो । त्यसपछि विद्यार्थीले कक्षा ११-१२, प्राविधिक तथा व्यावसायिक शिक्षा, सीपमूलक तालिम वा अन्य वृत्तिका बाटामध्ये छनोट गर्न सक्छन् । तर विद्यार्थीलाई यी विकल्पबारे पर्याप्त जानकारी, वृत्ति परामर्श र भविष्यमा प्राप्त हुन सक्ने रोजगारीको स्पष्ट चित्र उपलब्ध नहुँदा निर्णय कठिन हुन सक्छ ।

नेपालमा विदेश अध्ययनसम्बन्धी अनुमतिपत्र (त्य इदवभअतष्यल ऋभचतषष्अबतभ-ल्इऋ) को तथ्यांकले वैदेशिक अध्ययनप्रतिको चासोको एउटा संकेत दिन्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ को वैदेशिक अध्ययन अनुमतिपत्रसम्बन्धी देशगत तथा विषयगत विवरण सार्वजनिक गरेको छ । तर ल्इऋ जारी भएको संख्या र वास्तवमै विदेश गएर अध्ययन गर्ने विद्यार्थीको संख्या एउटै होइन । त्यस्तै, सबै विद्यार्थी एसईईपछि नै विदेश जान्छन् भन्ने निष्कर्ष पनि यस तथ्यांकबाट निकाल्न मिल्दैन ।

यस तथ्यांकलाई विद्यार्थीको शैक्षिक आकाङ्क्षा, पारिवारिक आर्थिक अवस्था, स्वदेशमा उपलब्ध शैक्षिक विकल्प र रोजगारीको सम्भावनासँग जोडेर विश्लेषण गर्न आवश्यक छ । विद्यार्थीले पढाइसँगै आम्दानी गर्न सक्ने विकल्प खोज्नुको पछाडि आर्थिक आवश्यकतासँगै व्यावहारिक सीप, कार्यअनुभव र भविष्यको वृत्तिप्रतिको चासो पनि हुन सक्छ । यी कारणको वास्तविक अवस्था बुझ्न विद्यार्थी, अभिभावक, शिक्षालय र रोजगारदाताभाझ नियमित अध्ययन तथा परामर्श आवश्यक छ ।

तथ्यांकले देखाएको प्राविधिक शिक्षाको सम्भावना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिईभिटी) को वार्षिक प्रतिवेदन २०८२ मा उल्लिखित आर्थिक वर्ष २०८१/८२ को तथ्यांकले प्राविधिक शिक्षामा विद्यार्थीको छनोटसम्बन्धी एउटा महत्त्वपूर्ण संकेत दिन्छ ।

यी तथ्याङ्कमध्ये सबैभन्दा उल्लेखनीय पक्ष प्रि-डिप्लोमा तहको औद्योगिक प्रशिक्षार्थी तालिममा ९३.९६ प्रतिशत भर्ना हुनु हो । यसको तुलनामा सोही तहका नियमित र निःशुल्क कार्यक्रममा भर्ना दर क्रमशः २१.८६ र १९.३० प्रतिशत मात्र छ । यसले उद्योगमा आधारित व्यावहारिक सिकाइप्रति विद्यार्थीको आकर्षण रहेको सम्भावना देखाउँछ । यद्यपि, भर्ना दरको अन्तरले मात्र यसको कारण पुष्टि गर्दैन । तालिमको अवधि, आर्थिक सुविधा, व्यावहारिक अनुभव र रोजगारीको सम्भावनाजस्ता पक्षको थप अध्ययन आवश्यक छ । तथापि, यी तथ्याङ्कले प्राविधिक शिक्षालाई उद्योगसँग जोड्दै सिकाइसँगै कामको अनुभव र रोजगारीको अवसर प्रदान गर्ने कार्यक्रम विस्तार गर्नुपर्ने नीतिगत आवश्यकतालाई उजागर गर्छन् ।

कार्यक्रम	भर्ना क्षमता	वास्तविक भर्ना	भर्ना दर
डिप्लोमा/प्रमाणपत्र तह-नियमित	५३,३४२	२४,६७८	४६.२६%
डिप्लोमा/प्रमाणपत्र तह-निःशुल्क	२,९२७	२,१११	७२.१२%
प्रि-डिप्लोमा तह-नियमित	२२,३८२	४,८९३	२१.८६%
प्रि-डिप्लोमा तह-निःशुल्क	७८२	१५१	१९.३०%
प्रि-डिप्लोमा तह-औद्योगिक प्रशिक्षार्थी तालिम	२,५८५	२,४२९	९३.९६%

पढ्दै कमाउँदै: औद्योगिक प्रशिक्षार्थी कार्यक्रमको महत्त्व

पढ्दै कमाउने अवसर विकास गर्न औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिससिप) एउटा महत्त्वपूर्ण माध्यम हुन सक्छ । यसमा विद्यार्थीले प्राविधिक शिक्षालय र उद्योग दुवैमा सिक्ने अवसर पाउँछन् । शिक्षालयमा सैद्धान्तिक ज्ञान तथा आधारभूत सीप सिकाइन्छ भने उद्योगमा अनुभवी प्राविधिक वा इन-कम्पनी ट्रेनरको मार्गदर्शनमा वास्तविक कार्यस्थलको अभ्यास गरिन्छ ।

नेपाल सरकार र स्विट्जरल्यान्ड सरकारको सहकार्यमा सञ्चालित दिगो तथा सम्मानित रोजगारीका लागि सीप (इन्स्योर) परियोजनाले यस्तो उद्योगमा आधारित सिकाइलाई प्रवर्द्धन गर्दै आएको छ । परियोजनाअन्तर्गतको ड्युअल भोक्येसनल एजुकेसन एन्ड ट्रेनिङ (म्गबा ख्भ्त) अप्रेन्टिससिपले प्राविधिक शिक्षालय र वास्तविक कार्यस्थलबीच सिकाइको सम्बन्ध स्थापित गर्छ । यस प्रकारको कार्यक्रमले विद्यार्थीलाई केवल प्रमाणपत्र प्राप्त गर्ने प्रक्रियामा सीमित राख्दैन । यसले कामको वातावरण बुझ्ने, उपकरण तथा प्रविधि प्रयोग गर्ने, व्यावसायिक अनुशासन सिक्ने र रोजगारदाताले अपेक्षा गर्ने सीप विकास गर्ने अवसर दिन्छ । उद्योगले पनि आफ्नो



आवश्यकताअनुसार सम्भावित जनशक्ति तयार पार्न र नयाँ कामदारलाई कार्यस्थलमा अनुकूल बनाउन सहयोग प्राप्त गर्न सक्छ ।

तर "पढ्दै कमाउँदै" भन्ने अवधारणालाई केवल उद्योगमा काम गर्ने अवसरका रूपमा बुझ्नु हुँदैन । यसमा सिकाइको गुणस्तर, उचित पारिश्रमिक वा प्रोत्साहनको व्यवस्था, सुरक्षित कार्यस्थल, प्रशिक्षार्थीको अधिकार र तालिम पूरा गरेपछि रोजगारी वा थप शिक्षामा अघि बढ्न सक्ने बाटो पनि सुनिश्चित हुनुपर्छ । विद्यार्थीलाई सस्तो श्रमशक्तिका रूपमा प्रयोग गर्ने होइन, सीप र वृत्ति विकासमा लगानी गर्ने दृष्टिकोण आवश्यक छ ।

तालिमपछि रोजगारीमा जोडिन सक्छ भन्ने प्रमाण

प्राविधिक तालिम र रोजगारीबीचको सम्बन्धलाई बलियो बनाउन उद्योगसँग सहकार्य, कार्यस्थलमा अभ्यास र तालिमपछिको रोजगारी सहयोग महत्त्वपूर्ण हुन्छ । विश्व बैंकले सन् २०२५ मा प्रकाशित गरेको भ्लजबलअभम ख्यअबतष्यलबर्ला भ्मगअबतष्यल बलम त्वबष्लष्लन एचयवभअत (भ्ख्भ्ल्त-क्ष्क्) सम्बन्धी विवरणअनुसार, परियोजनाबाट सहयोग प्राप्त छोटो अवधिका सीप तालिमका १११,००० भन्दा बढी सहभागीमध्ये करिब ७७ प्रतिशतले तालिम पूरा गरेको ६ महिनाभित्र रोजगारी वा स्वरोजगारी प्राप्त गरेका थिए । रोजगारीमा रहेका सहभागीको मासिक आम्दानी १० देखि ३५ हजार रुपैयाँसम्म रहेको उल्लेख छ । यसले, श्रमबजारको मागअनुसार तालिम, कार्यस्थलको अनुभव र रोजगारी सहयोगलाई एकीकृत गर्दा सकारात्मक नतिजा प्राप्त हुन सक्ने संकेत दिन्छ ।

यसबाट सिक्नुपर्ने मुख्य कुरा तालिम सञ्चालन र प्रमाणपत्र वितरण मात्रै पर्याप्त हुँदैन भन्ने हो । तालिमपछि विद्यार्थीले कहाँ काम पाए, कति आम्दानी गरे, सिकेको सीप प्रयोग गर्न पाए कि पाएनन् र रोजगारीमा कति समय टिक्यो भन्ने विवरण पनि मापन गर्नुपर्छ ।

नेपालमै पढ्दै कमाउने अवसर विस्तार गर्न के गर्नुपर्छ?

१. उद्योगको मागमा आधारित पाठ्यक्रम र तालिम विस्तार

प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन गर्नुअघि स्थानीय तथा प्रादेशिक श्रमबजारको माग अध्ययन गर्नुपर्छ । कुन क्षेत्रमा दक्ष जनशक्ति आवश्यक छ, कुन पेशामा रोजगारीको सम्भावना छ र कुन सीपको अभाव छ भन्ने आधारमा पाठ्यक्रम तथा तालिम छनोट गर्नुपर्छ । तर तालिमको विषय छनोट स्थानीय उद्योगको वास्तविक माग, उपलब्ध रोजगार र स्वरोजगारीको सम्भावनाका आधारमा हुनुपर्छ ।

२. अप्रेन्टिससिपलाई विस्तार र विविधीकरण

प्रि-डिप्लोमा तहमा देखिएको उच्च भर्ना दरलाई अध्ययनको आधार बनाएर उपयुक्त पेशा र संस्थामा अप्रेन्टिससिप विस्तार गर्न सकिन्छ । यसका लागि सबै कार्यक्रमलाई एउटै ढाँचामा रूपान्तरण गर्नुको सट्टा सम्बन्धित पेशाको प्रकृति, उद्योगको क्षमता र विद्यार्थीको आवश्यकताअनुसार उपयुक्त मोडेल छनोट गर्नुपर्छ । डिप्लोमा तहमा पनि उद्योगमा आधारित सिकाइको सम्भावना विकास गर्न सकिन्छ । इन्स्योर परियोजनाको आधिकारिक विवरणअनुसार होटल व्यवस्थापनमा तीनवर्षे डिप्लोमा अप्रेन्टिससिप कार्यक्रम सञ्चालन गर्न लागिएको छ, जसमा शिक्षालय र उद्योगमा आधारित सिकाइ समावेश छ । यसले उपयुक्त विषयमा उच्च तहसम्म उद्योगसँग जोडिएको सिकाइको बाटो विकास गर्न सकिने उदाहरण प्रस्तुत गर्छ ।

३. उद्योगलाई तालिमको साझेदार बनाउने

निजी क्षेत्रलाई तालिम कार्यक्रमको अन्तिम चरणमा रोजगारी दिने संस्थाका रूपमा मात्र हेर्नु हुँदैन । उद्योगले पाठ्यक्रम निर्माणमा परामर्श, प्रशिक्षार्थी छनोट, कार्यस्थलमा सिकाइ, प्रशिक्षकको व्यवस्था र सीप मूल्याङ्कनमा समेत भूमिका खेल्नुपर्छ । यसका लागि उद्योग र शिक्षालयबीच स्पष्ट सम्झौता, प्रशिक्षार्थीको सिकाइ योजना, कार्यस्थलको सुरक्षा मापदण्ड र नियमित अनुगमन आवश्यक हुन्छ । साना तथा मझौला उद्योगलाई प्रशिक्षार्थी लिन प्रोत्साहन गर्न साझा तालिम केन्द्र, उद्योग संघमार्फत प्रशिक्षकको सहयोग र उपयुक्त लागत साझेदारीको व्यवस्था गर्न सकिन्छ ।

४. पढाइसँगै आम्दानी हुने व्यवस्था स्पष्ट बनाउने

विद्यार्थीको आर्थिक अवस्थाले शिक्षामा निरन्तरता दिन कठिन बनाउने भएकाले तालिम अवधिमा उपलब्ध हुने आर्थिक सहयोग स्पष्ट र भरपर्दो हुनुपर्छ । प्रशिक्षार्थीलाई उपलब्ध गराइने पारिश्रमिक, प्रोत्साहन, यातायात वा अन्य सुविधाको व्यवस्था कार्यक्रमको प्रकृति र लागू हुने कानुन तथा निर्देशिकाअनुसार पारदर्शी हुनुपर्छ । आर्थिक सहायता आवश्यक पर्ने विद्यार्थीका लागि छात्रवृत्ति, यातायात सहयोग वा लक्षित सहायता पनि विचार गर्न सकिन्छ । तर पढ्दै कमाउने कार्यक्रमलाई अनियमित वा अवैतनिक श्रममा परिणत हुन दिनु हुँदैन । सिकाइ र उत्पादनमूलक कामबीच उचित सन्तुलन कायम गर्नुपर्छ ।

५. इन-कम्पनी ट्रेनरको क्षमता र जिम्मेवारी बढाउने

उद्योगमा सिकाइको गुणस्तर धेरै हदसम्म प्रशिक्षार्थीलाई मार्गदर्शन गर्ने व्यक्तिमा निर्भर हुन्छ । त्यसैले अनुभवी कामदारलाई इन-कम्पनी ट्रेनरका रूपमा तयार पार्ने, उनीहरूलाई सिकाइ योजना बनाउने, व्यावहारिक सीप प्रदर्शन गर्ने, प्रतिक्रिया दिने र प्रगति मूल्याङ्कन गर्ने क्षमता विकास गर्नुपर्छ । प्रशिक्षार्थीले नियमित रूपमा प्रतिक्रिया पाउने, समस्या राख्न सक्ने र सिकाइमा कठिनाइ हुँदा सहयोग प्राप्त गर्ने व्यवस्था आवश्यक छ । शिक्षालय र उद्योगबीच नियमित संवाद हुँदा तालिमको गुणस्तर सुधार गर्न र बीचमै तालिम छाड्ने जोखिम घटाउन मद्दत पुग सक्छ ।

६. वृत्ति परामर्श र सही सूचना उपलब्ध गराउने

एसईईपछि विद्यार्थी र अभिभावकलाई साधारण शिक्षा, प्राविधिक शिक्षा, अप्रेन्टिससिप, छोटो अवधिका सीप तालिम र उच्च शिक्षाका विकल्पबारे यथार्थपरक जानकारी दिनुपर्छ । कुन विषय पढेपछि कस्तो काम गर्न सकिन्छ, तालिम कति लामो हुन्छ, खर्च कति लाग्छ र थप अध्ययनको बाटो के छ भन्ने विवरण उपलब्ध हुनुपर्छ । विद्यालयमै वृत्ति मार्गदर्शन सेवा, उद्योग भ्रमण, सीप प्रदर्शनी, रोजगारदाता संवाद र पूर्वप्रशिक्षार्थीका अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यसले विद्यार्थीलाई अनुमान वा सामाजिक दबाबका आधारमा होइन, आफ्नो रुचि र सम्भावनाका आधारमा निर्णय गर्न सहयोग गर्छ ।

७. तालिम पूरा गर्ने दर र रोजगारीको नतिजा मापन गर्ने

प्राविधिक शिक्षाको प्रभावकारिता भर्ना संख्याबाट मात्रै मूल्याङ्कन गर्नु हुँदैन । तालिम पूरा गर्ने दर, उत्तीर्ण दर, सीप परीक्षणको नतिजा, रोजगारीमा प्रवेश, स्वरोजगारी, आम्दानी र रोजगारदाताको सन्तुष्टिसमेत मापन गर्नुपर्छ । यसका लागि सिटिईभिटी, शिक्षालय, उद्योग र सम्बन्धित सरकारी निकायबीच तथ्यांक आदानप्रदान गर्ने प्रणाली विकास गर्न सकिन्छ । कुन कार्यक्रमले राम्रो नतिजा दिएको छ, कुन समूहका विद्यार्थीले बढी चुनौती भोगेका छन् र कहाँ सुधार आवश्यक छ भन्ने प्रमाणका आधारमा बजेट तथा कार्यक्रम विस्तारको निर्णय गर्नुपर्छ ।

८. स्थानीय तह र प्रदेशलाई कार्यान्वयनमा सक्रिय बनाउने

स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका उद्योग, व्यवसाय, रोजगारका सम्भावना र युवाको सीप आवश्यकताको नक्साङ्कन गर्न सक्छन् । प्रदेश सरकारले उद्योग संघ, शिक्षालय र सम्बन्धित सरकारी निकायसँग समन्वय गरी मागमा आधारित सीप विकास योजना बनाउन सक्छ । प्रदेशमा स्थानीय तह, उद्योग वाणिज्य संघ, रोजगारदाता, प्राविधिक शिक्षालय र विकास साझेदारबीच सहकार्य गरेर क्षेत्रगत सीप विकास कार्यक्रम सञ्चालन गर्न सकिन्छ । तालिमपछि स्थानीय उद्योगमा रोजगारी, स्वरोजगारी वा उद्यम स्थापना गर्न आवश्यक परामर्श र सहयोग उपलब्ध गराउनु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ ।

युवालाई रोक्ने होइन, अवसर रोज्न सक्ने बनाउने

नेपाली युवाले स्वदेशमै गुणस्तरीय शिक्षा, व्यावहारिक सीप, आम्दानी र भविष्यको वृत्ति निर्माण गर्ने अवसर पाउनुपर्छ । यसका लागि सामान्य र प्राविधिक शिक्षाबीचको दूरी घटाउँदै उद्योगमा आधारित सिकाइ, अप्रेन्टिससिप, इन-कम्पनी ट्रेनर, वृत्ति परामर्श र रोजगारी सहयोगलाई एकीकृत गर्न आवश्यक छ । सिटिइभिटीको आर्थिक वर्ष २०८१/८२ को तथ्यांकमा औद्योगिक प्रशिक्षार्थी तालिमको भर्ना दर ९३.९६ प्रतिशत देखिनु एउटा उत्साहजनक संकेत हो । तर यसलाई दीर्घकालीन सफलतामा बदल्न प्रशिक्षार्थीले तालिम पूरा गरे कि गरेनन्, आवश्यक सीप हासिल गरे कि गरेनन् र त्यसपछि रोजगारी वा थप शिक्षामा अघि बढे कि बढेनन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।

अब सङ्घीय सरकार, सिटिईभिटी, शिक्षालय, उद्योग, स्थानीय तथा प्रदेश सरकार र विकास साझेदारले साझा जिम्मेवारी लिनुपर्छ । उद्योगले सिकाइको अवसर दिनुपर्छ, शिक्षालयले गुणस्तरीय शैक्षिक आधार तयार गर्नुपर्छ, सरकारले आवश्यक नीति र आर्थिक सहयोग उपलब्ध गराउनुपर्छ र कार्यक्रम कार्यान्वयन गर्ने निकायले परिणामको जवाफदेहिता लिनुपर्छ ।

नेपालको प्राविधिक शिक्षाको भविष्य विद्यार्थीलाई कति प्रमाणपत्र वितरण गरियो भन्नेमा मात्र होइन, उनीहरूले सिकेको सीपबाट कति सम्मानजनक रोजगारी, आम्दानी र आत्मनिर्भरता हासिल गर्न सके भन्नेमा निर्भर हुन्छ । पढ्दै कमाउने अवसरलाई अपवाद होइन, सम्भव र विश्वसनीय शैक्षिक मार्गका रूपमा विकास गर्न सके युवाले आफ्नो भविष्य निर्माण गर्न विदेश वा स्वदेशमध्ये छनोट गर्दा नेपालभित्रका अवसर पनि अर्थपूर्ण विकल्पका रूपमा देख्न सक्नेछन् ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सानातिना कुराले मनमा खुशी मिल्नेछ।
वृष : शिक्षा र स्वास्थ्यमा गरेको लगानीबाट फाइदा मिल्ने छ।
मिथुन : आफैले बोलेको कुराले पछुतो लाग्ने छ।
कर्कट : बोलीको प्रभावले काम बन्नेछन्। डुब्न लागेको लगानी उठ्ने छ।
सिंह : आज दान दक्षिणा गर्नु उचित हुनेछ। धर्मकर्ममा मन जानेछ।
कन्या : आज जोगिएर काम गर्नुपर्ने दिन छ। श्रम शोषण गर्ने सक्रिय छन्।
तुला : स्वास्थ्य र शिक्षामा गरेको मिहिनेतको फल मिल्ने छ।
वृश्चिक : शिक्षामा गरेको लगानीमा आंशिक लाभ हुनेछ।
धनु : प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ। संकटमा साथीको साथ मिल्ने छ।
मकर : धनलक्ष्मी योग परेको छ। समयको सदुपयोग गर्नुहोला।
कुम्भ: आज थोरै बोलेर अघि बढ्नु उपयुक्त हुनेछ। टाढाको यात्रा नगर्ने राम्रो हुनेछ।
मीन: पारिवारिक सुत्रको सल्लाह लिएर अघि बढ्नु होला।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

लागूपदार्थ दुर्व्यसनविरुद्ध विद्यार्थीको वक्तृत्वकला

टुडे समाचारदाता

जनकपुरधाम । युवापुस्तामा बढ्दै गएको लागूपदार्थ दुरुपयोग तथा दुर्व्यसनविरुद्ध सचेतना फैलाउने उद्देश्यले जनकपुरधाममा 'लागूपदार्थ दुर्व्यसनः आजका युवा' विषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ ।

जनकपुरधाममा नेपाल मधेश फाउन्डेसन (नेमाफ) अन्तर्गतको नागरिक चबुतरा र मोनाष्टिक विद्यालयको संयुक्त आयोजनामा मोनाष्टिक विद्यालयमा प्रतियोगिता सम्पन्न भएको छ । सो प्रतियोगितामा १० जना विद्यार्थीले सहभागिता जनाएका थिए । सहभागी विद्यार्थीमध्ये तीन जनाले मैथिली, तीन जनाले अंग्रेजी र चार जनाले नेपाली भाषामा आफ्नो वक्तृत्वकला प्रस्तुत गरेका थिए ।

सो प्रतियोगितामा श्रेया मिश्र प्रथम, समीक्षा यादव द्वितीय र गुडिया साह तृतीय भएको निर्णायक मण्डलीका संयोजक अयोध्यानाथ चौधरीले जानकारी दिए । सो प्रतियोगितामा रोमा साह, शिफद रहमान, बलिराज साह, रञ्जित भगत, बिनिता लामा, सन्ध्या सिंह, श्रेया कर्णलगायतका विद्यार्थीहरूले लागूपदार्थ दुरुपयोगले युवापुस्तामा पार्ने असर, यसका सामाजिक तथा व्यक्तिगत दुष्परिणाम र नियन्त्रणका उपायबारे आफ्ना विचार प्रस्तुत गरेका थिए ।



मोनाष्टिक एजुकेसन ग्रुपका अध्यक्ष डा. सोनुकुमारको प्रमुख आतिथ्य तथा नागरिक चबुतराकी ज्येष्ठ सदस्य विभा ठाकुरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बहुभाषी साहित्यकारसमेत रहेका पूर्वशिक्षक अयोध्यानाथ चौधरीसमेत निर्णायकको भूमिकामा रहेका थिए ।

सो कार्यक्रममा नेमाफका सिभिक इन्गेजमेन्ट अफिसर नित्यानन्द मण्डलले स्वागत मन्तव्य व्यक्त गर्दै प्रतियोगिताको उद्देश्यबारे प्रकाश पारेका थिए ।

सो कार्यक्रममा बोल्दै डा. सोनुकुमारले विद्यार्थीको व्यक्तित्व विकास र मौखिक अभिव्यक्ति क्षमता अभिवृद्धिका लागि वक्तृत्वकला प्रतियोगिता महत्त्वपूर्ण हुने बताए । बोली र अभिव्यक्तिबाट व्यक्तिको पहिचान स्थापित हुने उल्लेख गर्दै उनले विद्यार्थीलाई यस्ता प्रतियोगितामा सहभागी गराउनुपर्नेमा जोड दिए । साथै, यस्ता सिर्जनात्मक कार्यक्रमलाई आगामी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

युवा अभियन्ता आँसु चौधरीले कृत्रिम बुद्धिमत्ता (एआई) को बढ्दो प्रभावका बीच विद्यार्थीमा तार्किकता, बौद्धिकता र मौलिक सिर्जनशीलताको महत्व अझ बढ्दै गएको बताए । उनले विद्यार्थीलाई अध्ययनशील, सिर्जनशील र तार्किक बन्न आग्रह गरे ।

प्रतियोगिताका मुख्य निर्णायक अयोध्यानाथ चौधरीले दुर्व्यसनका कारण आफ्ना कैयौं साथीले जीवन बर्बाद गरेको र कतिपयले अकालमै ज्यान गुमाउनुपरेको अनुभव सुनाउँदै युवालाई लागूपदार्थबाट टाढा रहन आग्रह गरे ।

वक्ताहरूले युवापुस्तालाई लागूपदार्थ दुरुपयोगबाट जोगाउन परिवार, विद्यालय र समाजबीच समन्वय तथा सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए ।

नेशनल मेडिकल कलेजमा अत्याधुनिक प्रयोगशाला उपकरण सञ्चालनमा

टुडे समाचारदाता

वीरगञ्ज । नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीरगञ्जले बिरामीलाई गुणस्तरीय, छिटो र विश्वसनीय स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने उद्देश्यले अत्याधुनिक प्रयोगशाला उपकरण सञ्चालनमा ल्याएको छ ।

अस्पतालका सूचना अधिकारी विराज किशोरले जनाए अनुसार नयाँ उपकरणमा जैविक रासायनिक (बायोकेमेस्ट्री), शरीरमा रहेका लवण तथा खनिज तत्वको परीक्षण (इलेक्ट्रोलाइट) र प्रतिरक्षासम्बन्धी (इम्युनोलोजी) गरी तीनवटा महत्त्वपूर्ण परीक्षण प्रणाली एकीकृत गरिएको छ। यसबाट एउटै उपकरणमार्फत विभिन्न प्रकारका स्वास्थ्य परीक्षण गर्न सकिने छ।

अस्पतालले जनाए अनुसार उक्त उपकरण मधेस प्रदेशमै पहिलोपटक जडान गरिएको हो। नयाँ प्रविधिको प्रयोगले परीक्षण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउनुका साथै बिरामीले प्रयोगशालाको प्रतिवेदन प्राप्त गर्न लाग्ने समयसमेत घटाउने अपेक्षा गरिएको छ ।

वरिष्ठ प्रयोगशाला प्राविधिक शर्माका अनुसार उपकरणमार्फत कलेजो, मिर्गौला, मधुमेहलगायत विभिन्न रोगसँग सम्बन्धित जैविक रासायनिक परीक्षण गर्न सकिनेछ । त्यसैगरी, विद्युतीय प्रणालीको माध्यमबाट शरीरमा रहेका सोडियम, पोटासियम र क्लोराइडजस्ता लवण तथा खनिज तत्त्वको परीक्षण पनि गर्न सकिनेछ ।

नयाँ उपकरण सञ्चालनमा आएपछि यसअघि जटिल तथा विशेष प्रकृतिका परीक्षणका लागि अन्य ठूला सहर वा सुविधासम्पन्न प्रयोगशालामा जानुपर्ने बिरामीको बाध्यता कम हुने अस्पतालले विश्वास लिएको छ ।

वीरगञ्ज महानगरपालिका-१५ मा अवस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल विसं २०५८ मा स्थापना भएको हो । त्रिभुवन विश्वविद्यालयसँग सम्बद्ध यस अस्पतालले स्वास्थ्य उपचार तथा प्रयोगशाला सेवालाई प्रविधिमैत्री बनाउने प्रयास गर्दै आएको छ ।

भूमि प्रशासन कार्यालय, बर्दिवास, महोत्तरी

हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला महोत्तरी सावित बिजलपुरा गा.वि.स. वडा नं.-१ हाल बर्दिवास न.पा. वडा नं.-१२ मा बस्ने भाग कुमारी सिंह र वैधनाथ सिंहले जग्गाधनी हाम्रो सासु/आमा खटरी देवी कोइरी र ससुरा/बुबा खेहरु महतो समेतको मृत्यु र निजहरु पछिका सम्पत्तिको हक खाने नजिकका हकदार दुई भाई छोराहरु म वैधनाथ सिंह र म भाग कुमारी सिंहका पति बलराम प्र. सिंह वि.सं. २०६८ साल देखि बेपत्ता भई महोत्तरी जिल्ला अदालतको मिति २०८३।०७।११ मा मृत्यूको न्यायिक घोषणा भएको हुँदा निजको मृत्यु पश्चात हकखाने नजिकको हकदार म एकमात्र पत्नी भाग कुमारी सिंह रहेकोले हाम्रो सासु/आमाको नाममा दर्ता कायम रहेको विजलपुरा गा.वि.स.का तपसिलमा उल्लेखित जग्गा हाम्रो नाममा संयुक्त नामसारी गरी पाउँ भनि द.नं.१४८८ मिति २०८३।०७।१७ मा निवेदक माग दावी गरेको देखिँदा माग बमोजिम निवेदकका नाममा संयुक्त नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए ठोस सबुत प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला अन्यथा कानुन बमोजिम भइ जाने ब्यहोरा जानकारी गराइन्छ।

तपसिल

जिल्ला	गा.वि.स	वडा नं.	कि.नं	क्षे.फ.
महोत्तरी	विजलपुरा	१/क	२१९	०-४-१०.५
महोत्तरी	विजलपुरा	१/क	२१२	०-७-७-०
महोत्तरी	विजलपुरा	१/क	२१८	०-३-१७.५
महोत्तरी	विजलपुरा	१/क	१९९	०-७-०
महोत्तरी	विजलपुरा	१/क	१७१	०-४-१२
महोत्तरी	विजलपुरा	१/ख	१२	१-६-१३-०
महोत्तरी	विजलपुरा	१/ख	१०	०-६-१५
महोत्तरी	विजलपुरा	१/घ	६५	०-१०-०

बाढीको जोखिमदेखि अपराध नियन्त्रणसम्म उत्कृष्ट भूमिका : इन्स्पेक्टर केसीलाई प्रदेश सरकारको सम्मान

सञ्जय मिश्रा

रौतहट । विपद्का बेला जोखिम मोलेर नागरिकको उद्धारदेखि अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न सक्रिय भूमिका निर्वाह गरेको भन्दै मधेश प्रदेश सरकारले रौतहटको मौलापुरस्थित इलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक भरत केसीलाई सम्मान गरेको छ ।

जनकपुरधाम गृह, सञ्चार तथा कानुन मन्त्रालयमा बुधबार आयोजित विशेष कार्यक्रममा प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले केसीलाई गम्छा ओढाएर सम्मान गर्दै प्रशंसापत्र प्रदान गरेका हुन् ।



कार्यक्रममा मधेश प्रदेश प्रहरी प्रमुख डीआईजी ओमप्रसाद अधिकारी र निमित्त प्रदेश सचिव निशा न्यौपानेले पनि संयुक्त रूपमा प्रशंसापत्र हस्तान्तरण गरेका थिए ।

सम्मानसँगै मन्त्रालयले इलाका प्रहरी कार्यालय मौलापुरको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन एक थान मोटरसाइकलसमेत उपलब्ध गराएको छ ।

यस वर्ष बागमती र लालबकैया नदीमा आएको बाढी तथा विभिन्न स्थानमा भएको तटबन्ध कटानका क्रममा जोखिमपूर्ण क्षेत्रमा खटिएर स्थानीय नागरिकको जीउधन जोगाउन केसीले देखाएको सक्रियतालाई प्रदेश सरकारले उच्च मूल्यांकन गरेको छ ।

बाढी प्रभावित क्षेत्रमा उद्धार, राहत तथा मानवीय सहायता परिचालनदेखि सम्भावित जोखिम न्यूनीकरणसम्म उनले निर्वाह गरेको जिम्मेवारी प्रशंसनीय रहेको मन्त्रालयले जनाएको छ ।

विपद् व्यवस्थापनसँगै अपराध अनुसन्धान, नागरिकको सुरक्षा र क्षेत्रमा शान्ति सुव्यवस्था कायम गर्ने कार्यमा समेत केसीले व्यावसायिकता र कर्तव्यनिष्ठा प्रदर्शन गरेको प्रशंसापत्रमा उल्लेख छ ।

मन्त्रालयले प्रहरी सेवामा उच्च व्यावसायिकता, जिम्मेवारीबोध र समर्पणका साथ योगदान पुऱ्याएको भन्दै आगामी दिनमा पनि राष्ट्र र जनताको सेवामा अझ प्रभावकारी भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरेको छ ।

प्रहरी निरीक्षक तहका अधिकारीलाई प्रदेश मन्त्रालयमै बोलाएर गृह प्रशासन र प्रदेश प्रहरी नेतृत्वको संयुक्त उपस्थितिमा सम्मान गर्नुले पनि यस कार्यक्रमलाई विशेष महत्त्वका साथ हेरिएको छ ।

संघीयता कार्यान्वयनपछि प्रदेश सरकारले प्रहरी निरीक्षकलाई मन्त्रालयमै यसरी सम्मान गरेको सम्भवतः पहिलो घटना भएको बताइएको छ ।

तस्करीको आशंकामा मिनी ट्रक प्रहरी नियन्त्रणमा

टुडे समाचारदाता

रौतहट । भन्सार कागजातमा उल्लेख गरिएको परिमाणभन्दा ४८ क्यारेट बढी माछा बोकेको आशंकामा प्रहरीले वीरगञ्जबाट आएको एउटा मिनी ट्रक नियन्त्रणमा लिएको छ ।

एउटै भन्सार प्रज्ञापनपत्रको आडमा बढी परिमाणमा माछा भित्र्याउन खोजिएको आशंकापछि जिल्ला प्रहरी कार्यालय पर्साले उक्त गाडी नियन्त्रणमा लिएको छ ।

प्राप्त जानकारीअनुसार, वीरगञ्ज महानगरपालिका-नगवास्थित सुरज फिस सप्लायर्सको माछा बोकेको प्रदेश २००-१-ख-७०७४ नम्बरको मिनी ट्रकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । भारतको आन्ध्र प्रदेशबाट आयात गरिएको माछा बोकेको उक्त ट्रक एकीकृत जाँचचौकी (आईसीपी) बाट भन्सार जाँचपास गराएर नगवातर्फ जाँदै थियो ।

तर, भन्सार प्रज्ञापनपत्रमा ९६ क्यारेट माछा मात्रै उल्लेख भए पनि गाडीमा १४४ क्यारेट माछा रहेको आशंका गरिएको छ । यसरी कागजातमा देखाइएको भन्दा ४८ क्यारेट बढी माछा भित्र्याउन खोजिएको विषयले भन्सार जाँचपास प्रक्रियामाथि नै प्रश्न उठाएको छ ।

भूमि प्रशासन कार्यालय, बर्दिवास, महोत्तरी

हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला महोत्तरी सावित बिजलपुरा गा.वि.स. वडा नं.-१ हाल बर्दिवास न.पा. वडा नं.-१२ मा बस्ने भाग कुमारी सिंहले जग्गाधनी मेरो पति बलराम प्र. सिंह वि.सं.२०६८ साल देखि बेपत्ता भई महोत्तरी जिल्ला अदालतको मिति २०८३।०७।११ मा मृत्यूको न्यायिक घोषणा भएको हुँदा निजको मृत्यु पश्चात हकखाने नजिकको हकदार म एकमात्र पत्नि भाग कुमारी सिंह रहेकोले मेरो पतिको नाममा दर्ता कायम रहेको विजलपुरा गा.वि.स वडा नं. १/ख कि.नं ४२४ क्षे.फ.०-५-२.५ जग्गा मेरो नाममा एकलौटी नामसारी गरी पाउँ भनि द.नं.१४८७ मिति २०८३।०७।१७ मा निवेदक माग दावी गरेको देखिँदा माग बमोजिम निवेदकका नाममा एकलौटी नामसारी दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए ठोस सबुत प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला अन्यथा कानुन बमोजिम भइ जाने ब्यहोरा जानकारी गराइन्छ ।

श्री राष्ट्रिय सुब्बा कुट्टी जनता आधारभुत विद्यालय, काशीपुर

धनुषाधाम न.पा.-१

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रस्तुत विषयमा मिति २०८३/०८/१७ गतेको वि.व्य.स. बैठकको निर्णय अनुसार यस श्री रा.सु.कु.ज.आ. विद्यालय काशीपुर ध.न.पा.-१, धनुषा मा रिक्त रहेको विद्यालय सहयोगी कर्मचारी (का.स.) पदपूर्ति गर्नुपर्ने भएकोले धनुषाधाम न.पा. शिक्षा युवा तथा खेलकुद शाखाको च.नं. ३१८ मितिः २०८३/०७/१७ गतेको अनुमति पत्र र कर्मचारी छनौट समितिको मितिः २०८३/०७/१७ गतेको निर्णय अनुसार योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकबाट तपसीलमा उल्लेख भए बमोजिमका कागजात सहितको यो सुचना प्रकाशित भएको मितिले १५ (पन्द्रह) दिन भित्र रीतपूर्वक दरखास्त आह्वानका लागि यो विज्ञापन प्रकाशन गरिएको छ ।

क्र. सं.	विज्ञापन नं.	तह	पद	माग संख्या	नियुक्तिको किसिम	कैफियत
१.	०१/२०८३/०८४	श्रेणी विहीन	विद्यालय सहयोगी	१ (एक)	अस्थायी (करार)	

तपसील

१. **तलब स्केल** : नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।
२. **शैक्षिक योग्यता**: (i) विद्यालय सहयोगी - न्यूनतम कक्षा ८ उतिर्ण गरेको माथिल्लो योग्यतालाई ग्रहयता
३. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू**: (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी-२ (ख)हालसालै खिचिएको पासपोर्ट साइजको फोटो-२ (ग) निरोगिताको प्रमाण-पत्र - २ प्रति (घ) हस्तलिखित निवेदन
४. **उमेर हद**: २१वर्ष पुरा भई ४० वर्ष ननाबेको ।
५. **दरखास्त दस्तुर** : (i) विद्यालय सहयोग - रु. १०००।- (NICASIABANK ३१६४१५००६२८१२००२)
६. **परीक्षाको किसिम** : विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधि २०८३ अनुसार (लिखित र मौखिक)
७. **दरखास्त दिने अन्तिम मिति**: २०८३/०८/०१ गते बेलुका ४:०० बजे सम्म ।
८. रीतपूर्वक नभएकोमा दरखास्त मान्य हुने छैन ।
९. **दरखास्त दिने स्थान**: श्री रा.सु.कु.ज.आ. विद्यालय काशीपुर ध.न.पा.-१, धनुषा
१०. **सम्पर्क मिति** : २०८३/०८/०३ गते
११. थप जानकारीका लागि सम्पर्क नं.: ९८१२००७५६२ (अध्यक्ष), ९८०१६०१९४९ छनौट समिति सदस्य सचिव

प्रधानाध्यापक

धनुषाधाम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धनुषाधाम, धनुषा

मधेश प्रदेश, नेपाल

कर्मचारी भर्ना सम्बन्धी सूचना

सूचना प्रकाशित मिति :- २०८३/०७/२० गते

यस धनुषाधाम नगरपालिका अर्न्तगत सञ्चालित सामुदायिक विद्यालयमा रिक्त कर्मचारी पदमा करार पदपूर्ति गर्नुपर्ने भएकाले तपसिलमा उल्लेख भएको कागजातह सहित विज्ञापन प्रकाशन भएको मितिले १५ दिन भित्र यस नगरपालिकामा आवेदन दिनुहुन सम्बन्धित सबैलाई यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :-

क्र. सं.	विज्ञापन नं.	तह	पद	माग संख्या	दरखास्त दस्तुर	पदपूर्ती हुने विद्यालय
१.	०२/२०८३/०८४	श्रेणीविहिन	विद्यालय (का.स.) सहयोगी	५	५००	सिफारिश भएको विद्यालयको लागि

१. **न्यूनतम शैक्षिक योग्यता** :-
क. विद्यालय सहयोगीको विषयमा कक्षा ८ उत्तिर्ण गरेको माथिल्लो योग्यता भएकालाई विशेष प्राथमिकता दिइनेछ ।
२. **उमेर** :- १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।
३. निवेदन दस्तुर धनुषाधाम न.पा. को राजस्व शाखामा बुझाई सक्कल भौचर निवेदन साथ शिक्षा शाखामा पेश गर्नुपर्ने छ ।
४. निवेदन दिने मिति २०८३/०७/१९ गते देखि २०८३/०८/०३ गते कार्यालय समय भित्र ।
५. दरखास्त पेश गर्ने स्थान यस नगरपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखा धनुषाधाम ।
६. **निवेदन साथ पेश गर्नुपर्ने कागजातहरू** :- नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी, सम्पुर्ण शैक्षिक योग्यताहरुको प्रमाण पत्रको प्रतिलिपीहरु, निरोगिता प्रमाणपत्र र हस्तलिखित निवेदन ।
७. **तलब स्केल**:- नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।
८. **परीक्षाको किसिम** :- धनुषाधाम नगरपालिकाको कर्मचारी छनौट कार्याविधि २०८३ अनुसार हुनेछ ।
९. सर्म्पक मिति पछि प्रकाशन गरिनेछ ।
१०. **सर्म्पक नम्बर** :- ९८०४८४७४१४ वा शिक्षा यूवा तथा खेलकूद शाखा धनुषाधाम नगरपालिकाको कार्यालय ।

प्रमुख प्रशासकीय अधिकृत

बोलपत्र प्रस्ताब आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०७।२० गते

जानकी महिला जागरण समाज (JWAS) द्वारा संचालित शशक्त बालिका परियोजनाका लागि परियोजनाका लक्षित युवा महिला तथा पुरुष सहभागीहरुलाई निजहरुले छनोट गरेको उद्यम तथा व्यवसाय सञ्चालन गर्न सहयोग गर्नकालागि यस संस्थालाई यसै सूचना बमोजिमको बोलपत्र आह्वान सम्बन्धी दस्तावेज Tender Terms of Reference (ToR) भा उल्लेख भएका किराना पसल, कस्मेटिक तथा फ्यान्सी र चौपाया पालन व्ययवसायसँग सम्बिन्धित सामाग्री तथा चौपाया हरूको आवश्यक्ता भएकोले सो उपलब्ध गराउन सक्ने इच्छुक र सम्बन्धित कार्य गर्न इजाजतपत्र प्राप्त दर्तावाल फर्महरूबाट मिति २०८३ मंसिर ०३ गते कार्यालय समय दिनको १७:०० बजे भित्र यस संस्थाको कार्यालयमा सिलबन्दी आवेदन प्राप्त हुने गरी २.५% सम्मको बोलपत्र जमानत र बोलपत्र दस्तावेजमा उल्लेख भए अनुसारको अन्य निर्देशन बमोजिम आवेदन पेश गर्नुहुन अनुरोध छ । बोलपत्र आवेदनका लागि इच्छुक फर्म/कम्पनीले बोलपत्र सम्बन्धि पूर्ण दस्ताबेज प्राप्त गर्न यस संस्थाको procurementjwas@gmail.com इमेल ठेगानामा मिति २०८३ कार्तिक ३० गते भित्र आफ्नो फर्मको सम्बन्धित व्यवसायको इजाजत प्रमाणपत्र खुल्ने कागजात सहित सोही इमेल मार्फत वा कार्यालयमा आवेदनसाथ अनुरोध गरेमा बोलपत्र सम्बन्धि दस्तावेज निशूल्क उपलब्ध गराइनेछ ।

प्रधानमन्त्री साहसँग भारतीय विदेश सचिव मिश्रीको शिष्टाचार भेट

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहसँग भारतीय विदेश सचिव विक्रम मिश्रीले आज शिष्टाचार भेट गर्नुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बिहीबार भएको भेटमा प्रधानमन्त्री शाहले नेपालमा भोटेकोशी बाढीलगायत विपद्का समयमा छिमेकी भारत सरकारले 'फष्ट रेस्पोन्डर' का रुपमा गरेको सहयोगप्रति आभार व्यक्त गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

भेटका दुई पक्षीय हितका विविध विषयमा छलफल भएको जनाइएको छ ।

नेपालको दुईदिने औपचारिक भ्रमणमा रहनुभएका उहाँ बुधबार यहाँ आइपुग्नु भएको थियो । विदेश सचिव मिश्रीले बुधबार नै परराष्ट्र सचिव अमृतबहादुर राईसँग प्रतिनिधिमण्डलस्तरीय द्विपक्षीय बैठक गर्नुभएको थियो ।

भ्रमणका क्रममा विदेश सचिव मिश्रीले बुधबार नै अर्थमन्त्री डा स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री बिराजभक्त श्रेष्ठ र पूर्वाधार विकासमन्त्री सुनिल लम्सालसँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गर्नुभएको थियो ।

विदेश सचिव मिश्री भ्रमण सम्पन्न गरी आजै काठमाण्डुबाट नयाँदिल्ली प्रस्थान गर्नुहुनेछ । रासस

गगन थापालाई कमजोर पार्ने षड्यन्त्र भइरहेको छ :सभापति यादव



सञ्जय मिश्रा

रौतहट । नेपाली कांग्रेसका सभापति गगन थापालाई राजनीतिक रूपमा कमजोर पार्ने उद्देश्यले प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारले विभिन्न घटनाक्रमलाई राजनीतिक हतियारका रूपमा प्रयोग गर्न खोजेको आरोप नेपाली कांग्रेस रौतहटका सभापति एवं पूर्वमन्त्री सुनिलकुमार यादव 'जितेन्द्र'ले लगाएका छन् ।

रौतहटको फतुवा विजयपुर नगरपालिका-फतुवास्थित आफ्नै निवासमा बिहीबार सञ्चारकर्मीसँग कुरा गर्दै यादवले कांग्रेस सभापति थापामाथि भइरहेको टिप्पणी र इनम सापकोटा प्रकरणलाई जोडेर सरकारले राजनीतिक प्रतिशोधको वातावरण बनाउन खोजेको आरोप लगाएका छन् ।

उनले लोकतन्त्रको पुनर्बहाली र संरक्षणका लागि संघर्ष गरेका गगन थापालाई कमजोर पार्ने कुनै पनि प्रयास सफल नहुने दाबी गरेका छन् ।

यादवले प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारले गठन भएदेखि नै लोकतान्त्रिक मूल्य र मान्यताविपरीतका गतिविधि देखाउँदै आएको आरोप लगाए । उनका अनुसार सरकारका पछिल्ला निर्णयले न्यायालय, प्रहरी प्रशासन र राज्यका स्वतन्त्र निकायको संस्थागत स्वायत्ततामाथि प्रश्न उठाएको छ ।

यादवले कांग्रेस सभापति गगन थापाले सरकारका गलत निर्णय र कार्यशैलीको विरोध गर्नु लोकतान्त्रिक अधिकार भएको स्पष्ट पारे ।

सरकारले दुई तिहाइ बहुमत प्राप्त गरेपछि जनताको हितमा काम गर्नुपर्नेमा दैनिक नयाँ विवाद सिर्जना गरेर विपक्षी दलका नेताहरूलाई बदनाम र कमजोर बनाउने काम गरिरहेको यादवको आरोप छ ।

जनकपुरधाम-अयोध्या रेल सञ्चालनः

धार्मिक पर्यटन र व्यापार प्रवर्द्धन हुने अपेक्षा

टुडे समाचारदाता

जनकपुरधाम । नेपालको जनकपुरधाम र भारतको अयोध्याधामलाई रेल सेवामार्फत जोड्ने तयारी तीव्र पारिएको छ । प्रस्तावित जनकपुरधाम-अयोध्या रेल सेवा सञ्चालन गर्नुअघि सुरक्षा तथा प्राविधिक अवस्थाको निरीक्षणका लागि भारतीय रेल्वेका अधिकारीहरू बिहीबार रेलसहित धनुषाको कुर्थासम्म आइपुगेका छन् ।

रेल सेवा सञ्चालनका लागि आवश्यक सुरक्षा व्यवस्था, रेलमार्गको अवस्था, प्राविधिक क्षमता तथा अन्य व्यवस्थापकीय पक्षको स्थलगत निरीक्षण गरिएको छ । भारतीय रेल्वेका अधिकारीहरूको टोलीले नेपाल रेल्वेका अधिकारीहरूसँग पनि रेल सञ्चालन र सुरक्षासम्बन्धी विषयमा छलफल गर्ने तयारी गरेको छ ।

नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक परिवेश पराजुलीले रेल सञ्चालन गर्न सकिने अवस्था, रेलमार्गको क्षमता र सुरक्षालगायतका विषयलाई ध्यानमा राखेर निरीक्षण भइरहेको जानकारी दिए । उनले दिएको जानकारी अनुसार अहिले रेल सेवा परीक्षण तथा तयारीकै चरणमा रहेकाले सञ्चालनका लागि आवश्यक केही प्राविधिक र प्रशासनिक काम बाँकी छन् । ती कामहरू आन्तरिक रूपमा अघि बढाइएको उनले बताए ।

नेपालको जनकपुरधामदेखि भारतको अयोध्याधामसम्मको प्रस्तावित रेलमार्ग करिब ४६४ किलोमिटर लामो रहेको छ ।

जनकपुरधाम-अयोध्याधाम धार्मिक तथा सांस्कृतिक गन्तव्यको रुपमा रहेको छ । जनकपुरधामलाई माता सीताको



जन्मस्थल तथा कर्मस्थलका रूपमा चिनिन्छ भने अयोध्याधाम भगवान् श्रीरामको जन्मस्थलका रूपमा प्रसिद्ध छ ।

स्थानीय व्यवसायी तथा सर्वसाधारणले पनि रेल सेवा सञ्चालन हुने खबरलाई सकारात्मक रूपमा लिएका छन् । उनीहरूका अनुसार रेल सेवाले धार्मिक पर्यटन मात्र नभइ होटल, रेस्टुरेन्ट, यातायात, पसल तथा अन्य साना व्यवसायको कारोबार बढाउन सहयोग पुऱ्याउनेछ ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले जनकपुरधाम-अयोध्याधाम रेल सेवा सञ्चालनका लागि लामो समयदेखिको प्रयास अघि बढ्नु सुखद भएको बताए ।

उनले रेल सेवा सञ्चालन भएपछि जनकपुरधामका धार्मिक तथा पर्यटकीय स्थलमा पर्यटकको आवागमन बढ्ने र त्यसबाट स्थानीय व्यापार व्यवसायले समेत लाभ लिन सक्ने विश्वास व्यक्त गरे । होटल व्यवसायी, खुद्रा पसले तथा अन्य सेवा प्रदायकका लागि पनि यो सेवा आर्थिक अवसर बन्ने उनको भनाइ छ ।

अध्यक्ष भण्डारीले धार्मिक पर्यटनसँगै व्यापारिक गतिविधि विस्तारका लागि नेपाल सरकारले थप पहल गर्नुपर्नेमा जोड दिए । उनले तेम्रो मुलुकबाट आयात तथा निर्यात हुने सामग्रीको ढुवानी सहज बनाउन महोत्तरीको भिठ्ठामोड वा धनुषाको जटही नाकामध्ये कुनै एकलाई व्यापारिक नाकाका रूपमा सञ्चालन गर्न सरकारसँग माग गरे ।

अहिले व्यवसायीले टाढाका नाकाबाट सामान ल्याउनुपर्दा ढुवानी खर्च बढ्ने गरेको उनको भनाइ छ । जनकपुरधाम क्षेत्रका लागि पायक पर्ने नाका सञ्चालनमा आए स्थानीय व्यवसायी मात्र नभई उपभोक्ताले समेत तुलनात्मक रूपमा सस्तो मूल्यमा सामग्री प्राप्त गर्न सक्नेछन् ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कुमार कर्णले जनकपुरधाम-अयोध्याधाम रेल सेवा सञ्चालनले नेपाल र भारतबीचको धार्मिक, सांस्कृतिक तथा जनस्तरको सम्बन्ध थप सुदृढ बनाउने बताए ।

उनले जनकपुरधाम माता सीताको जन्मस्थल र अयोध्या भगवान् श्रीरामको जन्मस्थल भएकाले यी दुई धार्मिक नगरीबीच रेल सेवा सञ्चालन हुनु विशेष महत्वको विषय भएको उल्लेख गरे । रेल सेवा सञ्चालन भएपछि अयोध्याबाट हजारौँ धार्मिक पर्यटक जनकपुरधाम आउने सम्भावना रहेको उनको भनाइ छ ।

उनले धार्मिक पर्यटकको आवागमन सहज बनाउन दुवै देशका नागरिकलाई लक्षित गरी सीमा आवागमनसम्बन्धी सहज र सकारात्मक नीति ल्याउन नेपाल सरकारसँग आग्रह गरे । दीर्घकालीन योजनासहित धार्मिक पर्यटकको आवागमन व्यवस्थित गर्न सके जनकपुरधामसहित मधेस प्रदेशको पर्यटन विकासमा महत्त्वपूर्ण योगदान पुग्ने उनको भनाइ छ ।

जनकपुरधाम-अयोध्याधाम रेल सेवाको उद्घाटन नेपालका प्रधानमन्त्री बालेन्द्र साह (बालेन) र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा गर्ने कार्यक्रम रहेको बताइएको छ । प्रस्तावित कार्यक्रमअनुसार भारतको राजधानी नयाँदिल्लीबाट रेल सेवाको उद्घाटन गर्ने तयारी गरिएको छ ।

यसका लागि दुवै देशका रेल्वे पदाधिकारी, कर्मचारी, सुरक्षा निकायका उच्च अधिकारी तथा प्रशासनिक प्रतिनिधिहरूले आवश्यक तयारी अघि बढाएका छन् । रेल सञ्चालनका लागि सुरक्षा व्यवस्थापन, प्राविधिक परीक्षण र प्रशासनिक समन्वयका कामलाई प्राथमिकता दिइएको छ ।

भारतीय विदेश सचिवको नेपाल भ्रमणका क्रममा नेपालका परराष्ट्र सचिव तथा अन्य अधिकारीसँग भएको छलफलमा समेत प्रस्तावित रेल सेवाको विषय उठेको जनाइएको छ ।

यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त रूपमा जनकपुरधामबाट अयोध्यासम्मको बस सेवा शुभारम्भ गरेका थिए। तर उक्त बस सेवा लामो समय नियमित हुन सकेको थिएन। त्यसैले नयाँ रेल सेवा नियमित र व्यवस्थित रूपमा सञ्चालन हुनुपर्नेमा स्थानीयवासीले जोड दिएका छन् ।

दीपावली र छठको रौनक : रङरोगनले चम्किँदै मिथिलाका घर

टुडे समाचारदाता

जनकपुरधाम । दीपावली र छठ पर्व नजिकिएसँगै मिथिला क्षेत्रमा चाडपर्वको रौनक छाएको छ । पर्वको तयारीस्वरूप महोत्तरीसहित मिथिलाका गाउँ तथा नगरमा घरआँगन सरसफाइ, लिपपोत र रङरोगन गर्ने चटारो बढेको छ । पक्की घरदेखि बाँसका चोयाले बारिएका कच्ची घरसम्म विभिन्न रङले सिँगारिँदा बस्तीहरू आकर्षक देखिन थालेका छन् ।

यस वर्ष तिथिको घटबढका कारण छ दिनसम्म मनाइने दीपावलीको तयारीमा स्थानीयवासी जुटेका छन् । पर्वलाई लक्षित गरी गाउँबस्ती सरसफाइ गर्ने, सडकमा बत्ती जडान गर्ने तथा घर आँगन सजाउने काम तीव्र पारिएको छ ।

मिथिला क्षेत्रमा दीपावली र छठअघि घर लिपपोत तथा रङरोगन गर्ने पुरानो परम्परा छ । बाँसका चोयाले बनाइएका भित्तादेखि खर र खपडाले छाएका घरसमेत माटो, चुन र विभिन्न रङ प्रयोग गरी चिटिक्क पार्ने गरिन्छ । पाका मैथिलका अनुसार घर लिपपोत र रङरोगन गर्नु यी पर्वको स्थापित सांस्कृतिक परम्परा हो ।

जनकपुरधाम उपमहानगरपालिकाका सामाजिक अभियन्ता सुशील कर्णका अनुसार दशैँदेखि नै घर सरसफाइ र रङरोगनको काम शुरु हुन्छ । "दीपावली र छठअघि घर लिपपोत तथा रङरोगन गर्नैपर्ने चलन बसेकाले धेरैजसोले यही समयमा घर



सिँगार्ने गर्छन्," उनले भने ।

दीपावली धनधान्यकी देवी लक्ष्मीको आराधना गरिने पर्व भएकाले सफा र उज्यालो घरमा लक्ष्मीको प्रवेश हुने धार्मिक विश्वास छ । यही विश्वासका कारण गरिब तथा विपन्न परिवारले समेत आफ्नो घर टालटुल, लिपपोत र रङरोगन गरेर चिटिक्क पार्ने गरेका छन् ।

नगराईन नगरपालिका वडा नम्बर ५ का राकेश झाले दीपावलीले सबैको घरमा खुसी ल्याउने विश्वास रहेको बताएका छन् । "दिवाली पर्वले सबैतिर खुसी छर्ने विश्वास गरिन्छ । यो पर्वमा लक्ष्मीमाता गरिबका घरमा पनि पुग्नुहुन्छ । सरसफाइ र रङरोगन गरिएको उज्यालो घरमा लक्ष्मी प्रवेश गर्नुहुन्छ भन्ने मान्यता छ," उनले भने ।

उनका अनुसार घर लिपपोत र रङरोगन गर्ने क्रममा छरछिमेकका दिदीबहिनीबीच आपसी सहयोग र सहकार्यको परम्परा पनि रहँदै आएको छ । माटो ल्याउनेदेखि घर सिँगार्ने कामसम्म सामूहिक रूपमा गर्दा काम सहज र रमाइलो हुने गरेको उनको भनाइ छ ।

यद्यपि पछिल्ला वर्षमा घर लिपपोत र रङरोगनका लागि छरछिमेकबीच हुने आपसी सहयोग र मेलमिलाप केही घट्दै गएको उनी बताउँछन् । तर, आफ्नो बस्तीमा भने अझै पनि मिलेर काम गर्ने परम्परा कायम रहेको उनको भनाइ छ । चाडपर्वका बेला कसको घर राम्रोसँग लिपपोत र रङरोगन भयो भन्ने विषयमा गृहिणीबीच हुने छलफल, हाँसोठट्टा र सामूहिक काम ग्रामीण महिलाका लागि विशेष सम्झनाका क्षण बन्ने गरेका छन् ।

मिथिला समाजमा घर सिँगार्ने र लिपपोत गर्ने काम परम्परागत रूपमा महिलाको जिम्मेवारी मानिँदै आएको छ । त्यसैले पुरुषको सहभागिता पनि देखिए तापनि अधिकांश घरमा महिलाले नै यो काम गर्ने गरेका छन् । पछिल्लो समय माटोसँगै चुन र विभिन्न रङको प्रयोग बढ्दै गएको छ ।

दशैँदेखि दीपावलीसम्म घर लिपपोत र रङरोगन गर्ने कामले बस्तीहरू चहकिला बन्न थालेका छन् । दशैँमा लिपपोत गरिसकेका घरमा समेत दीपावलीअघि पुनः सरसफाइ र लिपपोत गर्ने परम्परा छ । दशैँमा खानपानमा मासुको प्रयोग हुने भए पनि दीपावली र छठ सात्त्विक विधि तथा धार्मिक निष्ठासँग मनाइने भएकाले यी पर्वअघि घर शुद्धीकरण र साजसज्जा गर्ने चलन रहेको मैथिल गृहिणी बताउँछन् ।

यसरी दीपावली र छठको आगमनसँगै मिथिला-मधेशका बस्तीमा घर सिँगार्ने चटारोले अहिले सबै व्यस्त देखिएका छन् । परम्परा, धार्मिक आस्था र सामुदायिक सद्भावको झलक पनि यससँगै देखिन थालेको छ ।

गुणस्तरहीन खाद्यवस्तु उत्पादन तथा बिक्री गर्ने १४ व्यवसायीविरुद्ध मुद्दा

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा गुणस्तरहीन खाद्यवस्तु उत्पादन तथा बिक्री गर्ने १४ उद्योगी व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा गरेको अनुगमन तथा खाद्यवस्तुको नमुना परीक्षणका क्रममा कैफियत भेटिएपछि उनीहरूविरुद्ध सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरेको छ ।

कार्यालयका प्रमुख विमलकुमार दाहालका अनुसार मुद्दा दायर गरिएकामध्ये बारा र पर्साका आठ, सप्तरी र सिरहाका तीन, महोत्तरीका दुई तथा धनुषाका एक व्यवसायी छन् । उनीहरूमाथि खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार कारबाही प्रक्रिया अघि बढाइएको छ ।

खाद्य स्वच्छता कायम नगर्ने, खाद्यवस्तुमा मिसावट गर्ने, मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने वस्तु उत्पादन तथा बिक्री गर्ने र म्याद गुज्रिएका सामग्री बिक्री गर्ने व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको



प्रमुख दाहालले जानकारी दिए ।

कार्यालयका अनुसार उक्त तीन महिनाको अवधिमा मधेश प्रदेशका विभिन्न जिल्लाबाट खाद्य तथा दाना पदार्थ ऐन तथा नियमअनुसार १६४ वटा नमुना संकलन गरी परीक्षण गरिएको थियो। तीमध्ये पाँचवटा नमुनाको परीक्षण प्रतिवेदन प्रतिकूल आएको थियो। प्रतिकूल नतिजा आएका नमुनाका आधारमा सम्बन्धित व्यवसायीमाथि कानुनी कारबाही अघि बढाइएको कार्यालयले जनाएको छ ।

यसैगरी, खाद्य स्वच्छता कायम गराउने उद्देश्यले प्रदेशका विभिन्न जिल्लामा ६३२ खाद्य व्यवसायमा संयुक्त अनुगमन गरिएको थियो । अनुगमनका क्रममा ५६ खाद्य उद्योगमा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम १८ लाख २६ हजार रुपैयाँ जरिवाना गरिएको छ ।

सो अवधिमा २०५ खाद्य तथा दाना उद्योग र १९५ होटल, रेस्टुरेन्ट तथा क्यान्टिनमा अनुगमन गरिएको थियो । साथै, उपभोक्ताबाट प्राप्त २७ वटा उजुरीसमेत सम्बोधन गरिएको प्रमुख दाहालले बताए ।

कार्यालयले तीन महिनामा २६ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी गरेको छ भने ६८ उद्योगको अनुज्ञापत्र नवीकरण गरेको छ । त्यस्तै, नयाँ उद्योग स्थापना गर्न ८४ वटा उद्योगलाई सिफारिस गरिएको छ ।

नमुना परीक्षण, अनुज्ञापत्र जारी तथा नवीकरण र उद्योग स्थापनाका लागि सिफारिसलगायतका कार्यबाट कार्यालयले १६ लाख २४ हजार १० रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ ।

अनुगमन तथा निरीक्षणका क्रममा म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा उपभोगका लागि अयोग्य खाद्यवस्तु जफत गरी सरोकारवालाको रोहबरमा नष्ट गरिएको कार्यालयले जनाएको छ ।

ट्रक र मोटरसाइकल ठोक्किँदा दुई यादवको मृत्यु

टुडे समाचारदाता

सिरहा । सिरहाको सिरहा नगरपालिका-११ भलुवाहीस्थित चोहर्वा-सिरहा सडकखण्डमा ट्रक र मोटरसाइकल एकआपसमा ठोक्किँदा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सिरहा नगरपालिका-२२ का अम्रेशकुमार यादव र गोलबजारका श्रीदेव यादव रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता रमेशबहादुर पालले जानकारी दिए ।

सिरहा प्रहरीले जनाए अनुसार चोहर्वाबाट सिरहातर्फ गइरहेको विद्युत् प्राधिकरण मधेश प्रदेश प्रादेशिक कार्यालय जनकपुरको ना.१ घ. ५५३ नम्बरको ट्रक र सिरहाबाट चोहर्वातर्फ आइरहेको स.९ प. ७६५० नम्बरको मोटरसाइकल आपसमा ठोक्किएका थिए। दुर्घटनामा परी मोटरसाइकलमा सवार दुवै जनाको मृत्यु भएको छ ।

दुर्घटनापछि ट्रक चालक फरार रहेको र उनको खोजी भइरहेको प्रवक्ता पालले बताए । सिरहा प्रहरीले दुर्घटनामा संलग्न दुवै सवारीसाधन नियन्त्रणमा लिएको जनाएको छ ।

एनपिएल क्रिकेट: जनकपुर बोल्ट्सको पराजित

टुडे समाचारदाता

काठमाण्डु । जनकपुर बोल्ट्सलाई पराजित गर्दै लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगितामा आफ्नो अपराजित यात्रालाई कायम राख्दै जनकपुर बोल्ट्सलाई पारजित गरेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यायल क्रिकेट मैदानमा बिहीबार भएको पहिलो खेलमा लुम्बिनीले जनकपुरलाई १६ रनले पराजित गर्दै आफनो अपराजित यात्रालाई निरन्तरता दिएको छ । पछिल्लो जितसँगै ४ खेलमा ७ अंक जोडेको लुम्बिनी अंक तालिकाको शीर्ष स्थानमा छ ।

साविक विजेतासमेत रहेको लुम्बिनीले यसअघि पहिलो खेलमा सुदुरपश्चिम रोयल्सलाई



७ विकेटले पराजित गरेको थियो । त्यस्तै दोस्रो खेल बर्षाका कारण रद्द भएपछि चितवन राईनोजसँग अङ्क बाडेको थियो भने तेस्रो खेलमा पोखरा एभेन्जर्सलाई ८ विकेटले हराएको थियो ।

लुम्बिनीले जितको लागि दिएको १५० रनको लक्ष्य पन्छाएको जनकपुर निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १३३ रनमा समेटियो ।

जनकपुरका लागि कप्तान हरमित सिंहले सर्वाधिक ३३ रन बनाए । त्यस्तै सैफ हसनले २८ तथा आदित्य महतालेे ३० रनमा अविजित रहे । त्यस्तै त्रितराज दासले १८ रन बनाए ।

बलिङतर्फ लुम्बिनीका बलर डिआर्सी शर्टले उत्कृष्ट प्रदर्शन गर्दै ३ विकेट लिए । त्यस्तै शेर मल्ल र तिलक भण्डारीले समान २/२ विकेट हात पारे भने रुबेन ट्रम्पेलम्यानले १ विकेट त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १४९ रनको योगफल बनाएको थियो ।

लुम्बिनीको लागि कप्तान रोहित पौडेलले सर्वाधिक ३४ रनको योगदान दिए । उनले ३० बलमा ३ चौका र १ छक्का प्रहार गरे ।

त्यस्तै निरोशन डिक्वेलाले २७, दिलिप नाथले २५, आसिफ शेखले २१ तथा रुबेन ट्रम्पलम्यानले १५ रनको योगदान दिए ।

बलिङतर्फ जनकपुरका लागि विशाल सुस्लिङ र राहुल यादवले समान २/२ विकेट लिए । त्यस्तै ललित राजवंशी, हरमित सिंह र अभिषेक तिवारीले समान १/१ विकेट हात पारे । यस हारसँगै पहिलो संस्करणको विजेता जनकपुरले ५ खेलमध्ये २ खेलमा जित तथा तीन खेलमा हार बेहोरेको छ । अहिले जनकपुरको ४ अंक छ । काठमाण्डु गोर्खाजलाई ८ विकेट र पोखरा एभेन्जर्सलाई ९ रनले हराएको जनकपुर कर्णाली याक्ससँग १९ रन तथा विराटनगर किंग्ससँग दुई रनले पराजित भएको थियो ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८